**प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्**
**लुम्बिनी प्रदेश कार्यालय**
**राप्ती उपत्यका देउखुरी दाङ**

बोलपत्र आह्वानको सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति २०८३/०४/०६)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् लुम्बिनी प्रदेश लमही-१, दाङ र उत्तरपुस्तिका परिक्षण केन्द्र, कोहलपुरमा सुरक्षा सेवा आपूर्ति गर्ने कार्य ठेक्कामा गराउनु पर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त सेवा प्रदायक संस्था/कम्पनी/फर्मबाट निम्न शर्तहरुको अधिनमा रही रीतपुर्वकको विद्युतीय बोलपत्र फाराम दाखिला गर्न आह्वान गरिन्छ ।


शर्तहरू:

१. सिलबन्दी बोलपत्र सुचना पकाशित भएको मितिले २०८३/४/२७ दिन (सो दिन बिदा परेमा सोको भोलिपलट कार्यालय खुलेको दिन) दिउँसो १२:०० बजे सम्ममा दर्ता गर्नुपर्नेछ । रीतपूर्वक दर्ता भएका सिलबन्दी बोलपतहिरू सोही दिन १४:०० बजे सम्बन्धित सिलबन्दी बोलपतदिताहरूको रोहबरमा यस कार्यालयमा (सिलबन्दी बोलपतदिता उपसिथत नभए पनि) खोलिनेछ ।

२. सिलबन्दी बोलपत्र फाराम खरिद गर्ने फर्म/संस्था/कम्पनीको दर्ता नवीकरण इजाजत प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र र कर चुक्ता वा कर दाखिला वा कर दाखिला म्याद थपको प्रमाणित प्रतिलिपि संलग्न गरी निवेदन पेस गर्नुपर्नेछ ।

३. सिलबन्दी बोलपत्र फाराम साथ सिलबन्दी बोलपत्र जमानत (बिडबन्ड) बापत रू. ६०,०००/- (अक्षेरुपि साठी हजार रूपैयाँ मात्र) प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, लुम्बिनी प्रदेश कार्यालय, लमही-१, नर्ती, दाङ नेपालको नाममा रहेको राष्ट्रिय बाणिज्य बैंक लिमिटेड, राजमार्ग चौराहा, बुटवल शाखाको खाता नं ३३६०१००००३६२००१ मा जम्मा गरेको बैंक भौचरको सक्कल प्रति वा सो बराबरको नेपाल स्थित 'क' श्रेणीको बणिज्य बैंकबाट जारी भएको कम्तीमा १२० दिन म्याद भएको बैंक जमानीपत्र अनिवार्य रुपमा संलग्न हुनु पर्नेछ । संयुक्त उपक्रममा प्रस्ताव दर्ता गराउन चाहने प्रस्तावदाताले सिलबन्दी बोलपत्रको जमानत (बिडबन्ड) समेत संयुक्त उपक्रमकै नाममा अनिवार्य रुपमा पेस गर्नु पर्नेछ ।





४. बोलपत्रदाताले कबोल गरेको दररेट तथा कुल रकम अंक र अक्षरमा प्रष्ट हुने गरी उल्लेख गर्नुपर्नेछ ।

५. बोलपत्र फाराम दर्ता गर्दा यस कार्यालयको नाम, बोलपत्र नं. र कार्यको नाम स्पष्ट रुपमा लेख्नुपर्नेछ । बोलपत्रमा बोलपत्रदाताको नाम, ठेगाना, दस्तखत र छाप अनिवार्य रुपमा हुनुपर्नेछ ।

६. हुलाक, कुरियर, इ-मेल वा फ्याक्सबाट प्राप्त बोलपत्र फारामलाई मान्यता दिइने छैन । म्याद नाघेको वा रीत नपुगेको वा एउटाको नामबाट खरिद भई अर्काको नाममा दर्ता हुन आएको बोलपत्र फारामलाई मान्यता दिइने छैन ।

७. बोलपत्र फाराम आंशिक वा पूर्ण रुपले कुनै कारण जनाई वा नजनाई स्वीकृत गर्ने वा नगर्ने वा सूचना नै रद्द गर्ने पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित हुनेछ ।

८. प्रस्तावकले बोलपत्र इ-बिडिंग मार्फत Website:www.bolpatra.gov.np/egp बाट Download/Upload गरी खरिद तथा दर्ता गर्नुपर्नेछ ।

९. अन्य शर्तहरू बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ । सूचना र बोलपत्रमा उल्लेख नभएका कुराहरूको हकमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् आर्थिक प्रशासन सम्बन्धी विनियमावली २०६२ (संशोधन समेत), सिटिईभिटी सेवा करार निर्देशिका २०७४, श्रम ऐन २०७४, सार्वजनिक खरिद ऐन २०६३ (स.स) तथा अन्य प्रचलित कानुन बमोजिम हुनेछ ।

१०. बोलपत्र सम्बन्धी अन्य जानकारीको लागि कार्यालय समय भित्र यस कार्यालयको फोन ०८२-४२००७७/ ९८५७०४४००८ मा सम्पर्क राखी बुझ्न सकिनेछ ।



